## कपुरकोट गाउँपालिका

### कपुरकोट गाउँपालिकाको गाउँसभाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

भाग :२ सख्या :२ मिति २०७९।१०।२६

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/७/२९

प्रमाणिकरण मितिः २०७९/८/२

गाउँ सभाबाट अनुमोदन २०७९।१०।२६

## जलस्रोत ऐन, २०७९

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ (ध) ले दिएको अधिकारको प्रयोग गरी कपुरकोट गाउँपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन, विकास र समुदायमा पर्याप्त सफा स्वच्छ खानेपानीको व्यवस्था गर्न गराउन, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषण मुक्त राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम कपुरकोट गाउँ सभाले जलस्रोत ऐन, २०७९ स्वीकृति गरी लागू गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "कपुरकोट गाउँपालिकाको जलस्रोत ऐन, २०७९" रहेको छ।

(२) यो ऐन गाउँसभाबाट पारित भई गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ। तर विशेष परिस्थिती सृजना

भै तत्काल काम गर्नु पर्ने भएमा कार्यपालिकाबाट पारित गरी पहिलो बस्ने गाउँसभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

२. परिभाषाः

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिका सम्झनुपर्छ।

(२) "गाउँसभा" भन्नाले कपुरकोट गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(३) "कार्यपालिका" भन्नाले कपुरकोट गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

(४) "अध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(५) "उपाध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कपुरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ। सो शब्दले कार्यपालिका तथा गाउँसभा सदस्य सचिव समेतलाई जनाउँछ।

(७) "वडा समिति" भन्नाले कपुरकोट गाउँपालिकाको वडा समिति सम्झनुपर्छ।

(८) "वडा अध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिका वडा अध्यक्षहरूलाई सम्झनुपर्छ।

(९) "कार्यपालिका सदस्य" भन्नाले कपुरकोट गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउँछ।

(१०) "सभा सदस्य" भन्नाले कपुरकोट गाउँपालिकाको गाउँसभा सदस्य सम्झनुपर्छ।

(११) "कर्मचारी" भन्नाले कपुरकोट गाउँपालिकामा तोकिएको कामका लागि तलब सुविधा प्राप्त गर्ने गरी विभिन्न प्रकृति र तहमा नियुक्त व्यक्तिलाई सम्झनुपर्छ।

(१२) "ऐन" भन्नाले कपुरकोट गाउँपालिकाको जलस्रोत ऐन, २०७९ लाई सम्झनुपर्छ।

(१३) "प्रचलित कानून" भन्नाले नेपालको संविधान, प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा प्रदेश सभा र गाउँसभाबाट पारित भई लागु भएका ऐन नियमहरूलाई सम्झनुपर्छ।

(१४) "नियम" भन्नाले यस ऐन अन्तर्गत कार्यपालिकाले बनाएको नियमावली, कार्यविधि, दिग्दर्शन, निर्देशिका, मापदण्ड आदेशहरूलाई सम्झनुपर्छ।

(१५) "गाउँ जलस्रोत समिति" भन्नाले यस ऐनको दफा ३० बमोजिमको गाउँ जलस्रोत समिति सम्झनुपर्छ।

(१६) "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक उपयोगको लागि आपूर्ति गरिने पानी सम्झनुपर्छ।

(१७) "जलस्रोत" भन्नाले भू-सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोत वा खानेपानीको स्रोत सम्झनुपर्छ।

(१८) "संरचना" भन्नाले जलस्रोत वा खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, सुद्धिकरण गर्न वा वितरण गर्न बनाइएको जलाशय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनुपर्छ र सो शब्दले त्यस्तै उद्देश्यले बनाइएको पानी टयांकी, पाइप लाइन, निकास, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउछ।

(१९) "सर्वेक्षण" भन्नाले जलस्रोतको उपयोग वा खानेपानी आयोजना सञ्चालनको लागि संरचनाको निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, जलस्रोत उपयोग परिमाण, लाभान्वित क्षेत्र, समुदाय संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्य तथ्याङ्कहरू समेतको विश्लेषण गरी विस्तृत रुपबाट तयार गरिएका अन्वेषण, सम्भाव्यता अध्ययन र तत् सम्बन्धि विस्तृत इन्जिनियरिङ्ग डिजायन समेतको कार्य सम्झनुपर्छ।

(२०) "परियोजना" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्ति वा उपभोक्ता संस्था वा सेवा प्रदायक निकायले सञ्चालन गर्ने जलस्रोत वा खानेपानी परियोजना सम्झनुपर्छ र सो शब्दले संघीय, प्रदेश सरकार वा मातहतका निकाय वा गाउँपालिका वा अन्य सरकारी गैरसरकारी दातृ निकायले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको वा उपभोक्ता संस्था आफैले विकास गरी सञ्चालनमा रहेको जलस्रोत वा खानेपानी परियोजना समेतलाई जनाउछ।

(२१) "आपूर्तिकर्ता" भन्नाले यस ऐन बमोजिम उपभोक्तालाई जलस्रोत सम्बन्धि सेवा वा खानेपानी आपूर्ती गर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय सम्झनुपर्छ।

(२२) "सेवा" भन्नाले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी वा जलस्रोत सम्बन्धि वस्तु वा सेवा सम्झनुपर्छ।

(२३) "उपभोक्ता संस्था" भन्नाले यस ऐनको दफा ११ बमोजिम गठित उपभोक्ता संस्था सम्झनुपर्छ।

(२४) "उपभोक्ता" भन्नाले आपूर्तिकर्ताले उपलब्ध गराएको वस्तु वा सेवा उपभोग गर्ने व्यक्ति वा निकाय वा समुदाय सम्झनुपर्छ।

(२५) "सेवा शुल्क" भन्नाले वस्तु वा सेवा उपभोग गरे वापत उपभोक्ताले आपूर्तिकर्ता वा सेवा प्रदायक वा उपभोक्ता संस्थालाई बुझाउनु पर्ने निर्धारित शुल्क सम्झनुपर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउछ।

(२६) "मन्त्रालय" भन्नाले जलस्रोत र खानेपानी मन्त्रालय वा सो कामको लागि तोकिएको संघ र प्रदेशको मन्त्रालयलाई सम्झनुपर्छ।

(२७) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएका वा तोकिए बमोजिम वा कार्यपालिकाले तोके बमोजिम सम्झनुपर्छ।

## परिच्छेद-२
## जलस्रोतको स्वामित्व र उपयोग सम्बन्धि व्यवस्था

३. जलस्रोतको स्वामित्वः

(१) गाउँपालिका क्षेत्र भित्र भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको स्वामित्व गाउँ कार्यपालिकामा निहित रहनेछ।

४. जलस्रोतका व्यवस्थापन र सेवाः

(१) आफ्नो क्षेत्रभित्र भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित व्यवस्थापन र उपयोग नीतिद्वारा गाउँपालिकावासीलाई स्वच्छ खानेपानी पुर्याउने, सिंचाई लगायत जलस्रोतबाट हुन सक्ने सबै प्रकारका सेवा दिने व्यवस्था गाउँपालिकाले मिलाउनेछ।

(२) गाउँपालिका स्वयंले वा दातृ निकायको सहयोगमा आयोजना सञ्चालन गर्ने वा उपभोक्ता संस्था गठन गरी गराई हस्तान्तरण गर्ने वा उपभोक्ता संस्थालाई आयोजना सञ्चालनमा सहयोग गर्ने वा निजी सेवा प्रदायक मार्फत आयोजना सञ्चालन गरी गराई जलस्रोतको

समुचित व्यवस्थापनबाट गाउँपालिका क्षेत्र भित्र खानेपनी आपुर्ती, सिचाई लगायतको ब्यवस्था गराईनेछ।

(३) उपदफा (२) बमोजिम गर्दा सेवाका शर्त सुविधा एवं आयोजना सञ्चालन प्रकृया तोकिए बमोजिम हुनेछ।

५. जलस्रोतको उपयोगः

(१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैनः

(क) व्यक्तिगत तथा पारिवारिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत तथा पारिवारिक रूपमा आफ्नो जग्गामा सिंचाइ गर्न,

(ग) घरेलु उद्योगका रूपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) जग्गा धनीले आफ्ना जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न।

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाइ मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ।

६. जलस्रोत उपयोगको प्राथमिकताक्रमः

(१) जलस्रोतको उपयोग गर्दा वा गराउदा वा गर्न स्वीकृती दिदाँ साधारणतया देहायका प्राथमिकताक्रम अनुसार गराइनेछः

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य तथा परम्परा अनुसारको उपयोग,

(ज) अन्य उपयोग।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा गाउँ जलस्रोत समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ५ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको

उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ।

(३) गाउँ जलस्रोत समितिले उपदफा (२) बमोजिम निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ।

७. गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः

(१) गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनले कुनै वाधा पुर्याएको मानिने छैन।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि गाउँपालिकाले लिई आवश्यक विकास तथा विस्तार गरी सञ्चालन व्यवस्थापन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण, वा संरचनाको स्वमित्व उक्त संस्थाको साधारण सभाको निर्णयले हस्तान्तरण हुनेछ।

(४) व्यवस्थित सञ्चालन नभएको, साधारण सभा, आवधिक निर्वाचन लगायत विधानमा तोकिए बमोजिमका कार्यहरू नभएको वा नगरीएको, जोखिममा परेको पुष्टी भएको हकमा गाउँ जलस्रोत समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(५) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा सँगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरूसँगको समन्वय तथा साझेदारीमा पर्यटन लगायत अन्य व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्य योजना बनाई लागु गर्न सक्नेछ।

८. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः

(१) गाउँपालिकाले विकास गरेको कुनै जलस्रोत वा खानेपानी सम्बन्धि परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ।

९. जलस्रोतको उपयोगको लागि करार गर्न सक्नेः

(१) यस ऐनमा जनु सुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले कुनै सँगठित संस्था वा व्यक्तिसँग प्रचलित कानुनको अधिनमा रही करार गरेर सोही करारमा उल्लेखित शर्तहरू बमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ।

१०. दातृ संघ, संस्था, निकायले काम गर्न सक्नेः

(१) विभिन्न सरकारी तथा गैर सरकारी दातृ संघ संस्था निकायले गाउँपालिकासँगको साझेदारीमा वा गाउँपालिकाको स्वीकृतीमा उपभोक्ता संस्था वा सेवा प्रदायक निकायसँगको साझेदारीमा जलस्रोत उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान तथा आयोजना निर्माण सञ्चालन गरी समुदायलाई सेवा पुर्याउन सक्नेछन्।

(२) बैदेशिक सहयोगद्वारा अध्ययन अनुसन्धान तथा आयोजना निर्माण सञ्चालनमा सहयोग गर्ने गराउने दातृ संघ, संस्था निकायले गाउँपालिका मार्फत नेपाल सरकारको पुर्व स्वीकृती लिएको हुनु पर्नेछ।

(३) उपदफा (१) अनुसारको अध्ययन अनुसन्धान प्रतिवेदन तथा आयोजना गाउँ कार्यपालिकाले तोके बमोजिम हस्तान्तरण गर्नु पर्नेछ।

(४) दातृ संघ, संस्था निकायले गर्ने सहयोग गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा हुनु पर्नेछ।

(५) दातृ संघ, संस्था निकायसँगको सहकार्य सम्बन्धि अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-३

## उपभोक्ता संस्था गठन, दर्ता तथा सञ्चालन सम्बन्धि व्यवस्था

११. उपभोक्ता संस्थाको गठनः

(१) सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिए बमोजिम खानेपानी वा जलस्रोत उपभोक्ता संस्था गठन गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम गठन गरिएको खानेपानी वा जलस्रोत उपभोक्ता संस्थालाई गाउँपालिकाले वडा जलस्रोत समितिको सिफारिस बमोजिम दर्ता गराउनु पर्नेछ।

(३) दर्ता भएका खानेपानी वा जलस्रोत उपभोक्ता संस्थाहरूको सञ्चालन व्यवस्थापन दर्ता हुदा गाउँपालिकाबाट स्वीकृत विधान र अन्तर्गत बनेका नियम विनियममा उल्लेख भए अनुसार हुनेछ।

(४) खानेपानी वा जलस्रोत उपभोक्ता संस्थाहरूको सञ्चालन व्यवस्थापनका क्रममा विधानमा थपघट वा अन्यथा सुधार गर्नु परेमा यस ऐनको बिपरित नहुने गरी साधारण सभाको २ (दुई) तिहाई सदस्यले पारित गरी गाउँपालिकाबाट स्वीकृती पश्चात मात्र लागु हुनेछ।

(५) उपभोक्ता संस्थाको स्वीकृत विधान बमोजिम समयमा नै साधारण सभा गर्नुपर्नेछ। विधानको प्रावधान बमोजिम समयमा साधारण सभा नगरी संचालनमा रहेका उपभोक्ता समितिको हकमा गाउँपालिकाको तर्फबाट सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस ऐनको दफा ४० बमोजिम लेखापरीक्षण सहित साधारण सभा गरी दफा १२ बमोजिम गाउँपालिकामा दर्ता नियमित गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम तोकिएको समय भित्र दर्ता नियमित नगर्ने उपभोक्ता समितिलाई वडा जलस्रोत समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिकाबाट भंग गरिने छ। समिति भंग भएको अवस्थामा उपभोक्ता समितिको सम्पूर्ण जिम्मेवारी दफा ३३ बमोजिम गठित वडा जलस्रोत समितिले लिनेछ। समितिको कार्य संचालन विधि र प्रकृया वडा जलस्रोत समितिले निर्धारण गरे बमोजिम हुनेछ। समिति भंग भएको अवस्थामा ३ (तीन) महिना भित्र साधारण सभा गराई कार्य हस्तान्तरण गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम उपभोक्ता समिति भंग भएको अवस्थामा समितिको आर्थिक कारोबार वडा जलस्रोत समितिको निर्णय र गाउँ जलस्रोत समितिको निर्णय सिफारिस अनुसार कार्यपालिकाको बैठकको निर्णयबाट वडा जलस्रोत समितिलाई जिम्मेवारी दिन सक्नेछ।

१२. उपभोक्ता संस्थाको दर्ता नियमित गर्नेः

(१) यस ऐन जारी हुन पुर्व उपभोक्ता संस्था वा सेवा प्रदायक गठन भई तोकिएका निकायमा दर्ता भएर सञ्चालनमा रहेका उपभोक्ता संस्था यसै ऐन अनुसार भएको मानिनेछ।

(२) उपदफा (१) अनुसारका उपभोक्ता संस्था यस ऐन जारी भएको मितिले ६० दिनभित्र गाउँपालिकामा दर्ता नियमित गर्नु पर्नेछ।

१३. उपभोक्ता संस्था समन्वय समितिको गठनः

(१) गाउँपालिकामा दर्ता भएका उदेश्य मिल्ने सार्वजनिक खानेपानी वा जलस्रोत उपभोक्ता संस्थाहरूले खानेपानी वा जलस्रोतको संरक्षण, सम्बर्धन, विकास एवं सेवा वितरण र विस्तारमा सरलीकरण, प्रविधि तथा अनुभवको आदान प्रदान, एक अर्कामा सहयोग र गाउँपालिकाको जलस्रोत नीति निर्माण कार्यान्वयनमा सहयोग गर्न, गराउन कपुरकोट गाउँपालिका जलस्रोत उपभोक्ता संस्था समन्वय समितिको गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको सदस्य गाउँपालिका भित्रका उदेश्य मिल्ने सार्वजनिक उपभोक्ता संस्था हुनेछन्।

(३) उपभोक्ता संस्था समन्वय समितिको कार्यसमितिमा गाउँपालिकाको अध्यक्षको संरक्षकत्वमा तोकिए बमोजिमका पदाधिकारी तथा सदस्य हुनेछन्।

(४) उपभोक्ता संस्था समन्वय समितिको उद्देश्य, काम, कर्तव्य र अधिकार गाउँपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ।

(५) उपभोक्ता संस्था समन्वय समितिले गाउँपालिकाको समन्वयमा विभिन्न सरकारी तथा गैर सरकारी दातृ निकायको सहयोगमा घोषित उद्देश्य पुर्तीको लागि आवश्यक कार्यहरू गर्न सक्नेछ।

(६) गाउँपालिकाले उपभोक्ता संस्था समन्वय समितिको क्षमता विकास गरी, गराई उक्त समिति मार्फत गाउँपालिका क्षेत्रभित्रको खानेपानी वा जलस्रोतको खोज, अनुसन्धान, संरक्षण, सम्बर्धन, विकास एव सेवा वितरण र विस्तारमा सरलीकरण, प्रविधि तथा अनुभवको आदान प्रदान, एक अर्कामा सहयोग र गाउँपालिकाको जलस्रोत नीति निर्माण लगायतका कार्य गराउन सक्नेछ।

(७) उपभोक्ता संस्था समन्वय समिति सम्बन्धि अन्य कुरा तोकिए बमोजिम हुनेछ।

१४. जलस्रोत उपभोक्ता संस्था सँगठित संस्था हुनेः

(१) जलस्रोत उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता संस्थाको सबै काम कारबाहीका निमित्त आफ्ना छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ।

(५) उपभोक्ता संस्था गाउँपालिको नीति नियम, निर्णय र स्वीकृत विधानको अधिनमा रही उपभोक्ता सदस्यप्रति जवाफदेही हुनेछ।

१५. नवीकरण गर्नु पर्नेः

(१) यस ऐनको दफा ११ दफा १२ अनुसारका उपभोक्ता संस्था र दफा १३ अनुसारको उपभोक्ता संस्था समन्वय समिति प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ।

(२) नवीकरण गर्न गराउन आर्थिक बर्ष समाप्त भएको ३ (तिन) महिना भित्र तोकिए बमोजिमका कागजात, गाउँसभाले तोके अनुसारको बुझाउनु पर्ने शुल्क बुझाएको प्रमाण सहित तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र वा म्याद भुक्तान भएपछि तोकिएको शुल्कमा ३ महिना भित्र २५ प्रतिशत त्यस पछीको ३ महिना भित्र ५० प्रतिशत र त्यस पछी आषाढ मसान्त सम्म १०० प्रतिशत थप शुल्क तिरी नवीकरण गर्न आएमा गाउँपालिकाले नवीकरण गरी दिन सक्नेछ।

(४) दोश्रो आर्थिक वर्ष समाप्त भएको ३ महिनासम्म पनि नवीकरण नगरिएमा गाउँ जलस्रोत समितिको निर्णयमा उपभोक्ता संस्था, सेवा प्रदायक तथा उपभोक्ता संस्था समन्वय समिति विघटन गर्न सकिनेछ।

(५) उपदफा (४) अनुसार विघटन भएमा निजी भए निजको आयोजना वा सेवा बन्द गराईनेछ भने सार्वजनिक उपभोक्ता संस्था वा निकाय भए सोको सबै सम्पत्ति गाउँपालिकाको कायम गरी आवश्यकता अनुसार आयोजना वा सेवा उपयोग वा सञ्चालन वा बन्द गराइनेछ।

१६. कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेः

(१) गाउँपालिकामा दर्ता तथा दर्ता नियमित भएका उपभोक्ता संस्थाले वा अनुमतीपत्र प्राप्त निकायले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन, तथा अन्तरगत बनेको नियमावली र स्वीकृत विधानको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपभोक्ता संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन। तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमति, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएमा सो को ३ (तीन) महिना भित्र गाउँपालिकालाई लिखित जानकारी दिनु पर्नेछ।

(४) गाउँपालिकाको स्वीकृतीमा दुई वा दुईभन्दा बढी उपभोक्ता संस्था वा सेवा प्रदायकले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. ऋण वा अनुदान लिन सक्नेः

(१) गाउँपालिका क्षेत्रभित्र जलस्रोतको विकास तथा खानेपानी आयोजना सञ्चालन गर्न उपभोक्ता संस्था, सेवा प्रदायक सस्था वा उपभोक्ता संस्था समन्वय समितिले स्वदेशी वा विदेशी दातृ निकाय, बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम विदेशी दातृ निकाय, बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न गर्दा संघीय कानून बमोजिम स्वीकृती लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बिदेशी दातृ निकाय, बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि तोकिए बमोजिमको विवरणहरू सहित गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले आवश्यक छानविन गरी गाउँ जलस्रोत समितिमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रस्ताव गाउँ जलस्रोत समितिले उपयुक्त देखेमा स्वीकृतिको लागि गाउँ कार्यपालिकाको निर्णय सहित सम्बन्धित मन्त्रालयमा सिफारिस गरी पठाउनेछ।

१८. छुट, सुविधा र सहुलियतः

(१) उपभोक्ता संस्था, सेवा प्रदायक तथा उपभोक्ता संस्था समन्वय समितिलाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय तथा प्रदेश कानूनमा व्यवस्था भएकोमा नघट्ने गरी हुनेछ।

(२) उपदफा (१) मा उल्लेखित छुट सुविधा र सहुलियत बाहेक गाउँपालिकाले दिने अन्य छुट सुविधा र सहुलियत गाउँ कार्यपालिका तथा गाउँसभाले निर्णय गरे बमोजिम हुनेछ।

## परिच्छेद ४

## अनुमतिपत्र तथा नियमन सम्बन्धि व्यवस्था

१९. अनुमतिपत्रको व्यवस्थाः

(१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरू खुलाई गाउँपालिका समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी गराई गाउँ जलस्रोत समितिको निर्णयमा दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा बढीमा ३० (तीस) दिनभित्र, खानेपानी आयोजना सञ्चालनको अनुमतिपत्रको हकमा बढीमा ४५ (पैतालिस) दिनभित्र र अन्य जलस्रोत उपयोगको अनुमतिपत्रका हकमा बढीमा ९० (नब्बे) दिनभित्र तोकिए बमोजिमका ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ६ को उपदफा

(१) मा उल्लेखित प्राथमिकताक्रम अनुसार अनुमतिपत्र दिन सक्नेछ।

(३) दफा ५ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३५ (पैतिस) दिन भित्र गाउँपालिका समक्ष दर्ता नियमित (अनुमतिपत्र) को लागि दरखास्त दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी गाउँ जलस्रोत समितिको निर्णयमा दरखास्त परेको मितिले ६० (साठी) दिनभित्र दर्ता नियमित (अनुमतिपत्र) दिइनेछ।

(५) अनुमतिपत्र प्राप्त व्यक्ति वा निकायले जलस्रोतको उपयोग वापत गाउँपालिकालाई तोकिए बमोजिमका दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

२०. अनुमतिपत्र नवीकरण गर्नेः

(१) यस ऐन बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि वा प्रत्येक वर्ष असार मसान्त भित्रै अर्को अवधिको लागि अनुमतिको नवीकरण गर्नु पर्नेछ।

(२) जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रको नविकरण गराउँदा तोकिए बमोजिम नवीकरण दस्तुर लाग्नेछ।

(३) अनुमति नवीकरण सम्बन्धमा थप व्योहोरा दफा १५ को उपदफा (२), (३), (४) र (५) अनुसार हुनेछ।

२१. अनुमतिपत्र खारेज गर्न सकिनेः

(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन र अन्तर्गतका नियम विपरित कुनै काम गरेमा गाउँ जलस्रोत समितिको सिफारिसमा गाउँपालिकाले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्ति वा निकाय वा संस्थाले पाएको अनुमतिपत्र गाउँ कार्यपालिकाको निर्णयानुसार खारेज गरिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

२२. सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असूल उपर गर्न पाउनेः

(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था वा निकायले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवामा समानता हुने गरी वडा जलस्रोत समिति र गाउँ जलस्रोत समितिले गरेको सिफारिसका आधारमा गाउँसभाले तोके बमोजिम त्यस्तो सेवा वापत शुल्क असूल उपर गर्न सक्नेछ।

(२) संघ, प्रदेश र गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतका सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असूल उपर गर्न सक्नेछ।

(३) सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रूपले उपयोग गर्ने वा सेवा दुरूपयोग गर्ने वा शर्त विपरीत सेवा उपभोग गर्नेको हकमा सेवा प्रदायकले त्यस्तो सेवा बन्द गर्न सक्नेछ।

२३. अरूका घर जग्गामा प्रवेश गर्न सक्नेः

(१) गाउँपालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(२) त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ।

(३) कुनै घर जग्गामा जलस्रोतका अनधिकृत उपयोग वा दुरूपयोग गरी रहेको शङ्का हुने मनासिब कारण भएमा सो कुराका जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना बिना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घर जग्गामा प्रवेश गर्न सक्नेछ।

२४. अरूको घर जग्गाको उपयोग वा प्राप्ति

(१) जलस्रोतको उपयोगका लागि देहायको कुनै काम गर्न अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले गाउँपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछः

(क) बाँध वा तटबन्द बाँध्न,

(ख) नहर, कुलो वा सुरुङ खन्न,

(ग) जमीन माथि वा मुनि पानीको टयाङ्की बनाउन वा पाइप लाइन बिछ्याउन,

(घ) पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न,

(ङ) जलस्रोतको विकाससँग सम्बन्धित अरू आवश्यक निर्माण कार्य गर्न।

(२) उपदफा (१) बमोजिमका निवेदन प्राप्त भएमा गाउँपालिकाले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम सङ्गठित संस्थालाई जग्गा प्राप्त गराईदिए सरह अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थालाई त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भए पनि अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न संघीय तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

(४) गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले खानेपानी वा जलस्रोतको विकास वा उपयोग सम्बन्धि कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दूरीमा पर्ने घर जग्गा अरू कसैले कुनै खास कामका निमित्त प्रयोग गर्न नपाउने गरी गाउँपालिकाले निषेध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निधेष गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई परेको वा पर्न सक्ने हानीनोक्सानी वापत गाउँपालिका स्वयमले वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाबाट तोकिए बमोजिम क्षतिपूर्ति भराई दिनुपर्नेछ।

२५. जलस्रोतको उपयोगसँग सम्बन्धित संरचनाको सुरक्षाः

(१) खानेपानी वा जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै स्थान वा वस्तु वा संरचनाका सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय

वा संस्थाले अनुरोध गरेमा वा सुरक्षा गर्न आवश्यक ठानेमा गाउँपालिकाले आवश्यक प्रबन्ध गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाको अनुरोधमा सुरक्षा प्रबन्ध गरिएकोमा त्यसको लागि लाग्ने खर्च सम्बन्धित पक्षबाट व्यक्तिले व्यहोर्न लगाउन सकिनेछ।

२६. जलस्रोतको गुणस्तर तोक्नेः

(१) गाउँपालिकाले संघ वा प्रदेश सरकारको मापदण्ड बमोजिम जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ।

(२) जलस्रोतको उपयोग गर्दा उपभोक्ता संस्था तथा सेवा प्रदायकले उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी सेवा तथा व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

२७. जलस्रोतलाई प्रदूषित गर्न नहुनेः

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जलस्रोतको प्रदूषण सहन-सीमा गाउँपालिकाको पनि हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमका फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्न हुँदैन।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा दफा २६ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएका सम्बन्धमा गाउँपालिकाले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ।

२८. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुनेः

(१) जलस्रोतको उपयोग गर्दा भु-क्षय, बाढी, पहिरो या यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नुपर्नेछ। अन्यथा दण्डनीय हुनेछ।

## परिच्छेद-५
## गाउँ जलस्रोत समिति सम्बन्धि व्यवस्था

२९. गाउँ जलस्रोत समितिको गठनः

(१) गाउँपालिका भित्र रहेको जलस्रोत उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने, उपभोक्ता संस्था दर्ता, सञ्चालन, व्यवस्थापन, नियमन तथा तोकिए बमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि देहाय बमोजिमको गाउँ जलस्रोत समिति रहनेछ।

(१) गाउँपालिका अध्यक्षः संयोजक

(२) गाउँपालिका उपाध्यक्षः सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृतः सदस्य

(४) गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष  सदस्य

(५) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतः सदस्य सचिव

३०. गाउँ जलस्रोत समितिको बैठक र कार्य प्रक्रियाः

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) आवश्यकता अनुसार समितिको बैठकमा सम्बन्धित सरोकारवाला वा विज्ञलाई आमन्त्रण गरी राय परामर्श लिन सकिनेछ।

(३) समितिको बैठक भत्ता तथा सुविधा विषयगत समिति सरह हुनेछ।

(४) बैठक सञ्चालन विधि र प्रकृया समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ।

(५) स्थानीय जलस्रोत समितिको सञ्चालन व्यवस्थापन एवं बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

३१. गाउँ जलस्रोत समितिको काम कर्तव्य र अधिकारः

(१) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने ,

(२) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी राय सहित कार्यपालिका समक्ष पेश गर्ने।

(३) गाउँपालिका भित्र खानेपानी वा जलस्रोत उपभोक्ता संस्था दर्ता, सञ्चालन, व्यवस्थापन, क्षमता विकास र नियमन योजना तयार गरी गराई लागु गर्ने।

(४) गाउँपालिका क्षेत्रभित्र जलस्रोत आपुर्ती, उपयोग, विवाद तथा उजुरी उपर छानविन, स्थलगत निरिक्षण लगायत कार्य गरी निर्णय दिने तथा सोको प्रतिवेदन कार्यपालिकामा र कार्यपालिका मार्फत गाउँसभामा पेश गर्ने।

(५) उपभोक्ता संस्था तथा सेवा प्रदायकको क्षमता, सीप र दक्षता अभिवृद्धीका लागि आवश्यक आर्थिक, भौतिक एवं प्राविधिक अनुदान तथा स्रोतको खोजी गरी उपलब्ध गराउने।

(६) उपभोक्ता संस्था तथा सेवा प्रदायकको क्षमता विकास र समुदायको आर्जन कार्यक्रमको लागि सहजीकरण गर्ने।

(७) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परादेखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने तथा कानून बमोजिम निर्णय दिने।

(८) अनुगमन तथा जाँच गर्दा वा गराउँदा तोकिएको शर्त बमोजिम जलस्रोतको उपयोग नभए नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न कार्यपालिका र सम्बन्धित निकायमा सिफारिस गर्ने।

(९) सार्वजनिक उपभोक्ता संस्था समन्वय समिति गठन तथा सञ्चालन व्यवस्थापनमा आवश्यक सहयोग पुर्याउने।

(१०) दर्ता नभई सञ्चालनमा रहेका तथा अवैध उपभोक्ता संस्था वा सेवा प्रदायकलाई नियन्त्रण र दर्ता भई सञ्चालनमा रहेका उपभोक्ता संस्था वा सेवा प्रदायकहरूले तोकिएको शर्त अनुरुप कार्य गरे नगरेको अनुगमन गर्ने व्यवस्था मिलाउने।

(११) उपभोक्ता संस्था वा सेवा प्रदायकलाई आवश्यक निर्देशन दिने, जागरुक र सचेत गराउने, गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने। सेवाका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने सुचकहरू बनाई लागु गराउने।

(१२) उपभोक्ता संस्था वा सेवा प्रदायकले उपलब्ध गराएको सेवा सुबिधाको गुणस्तर कायम गराउने तथा सो वापतको सेवा शुल्क निर्धारणको स्वीकृती दिने।

(१३) गाउँपालिकामा दर्ता भएका सार्वजनिक उपभोक्ता संस्था वा निकायले आयोजना सञ्चालन गर्नको लागि कर्मचारी नियुक्ती,

पदाधिकारी तथा कर्मचारीहरूको सेवा सुविधा सम्बन्धि मापदण्ड स्वीकृत गर्ने र कार्यान्वयन गराउने।

(१४) सेवाग्राही तथा कर्मचारीको गुनासो सुन्ने तथा सम्बोधन गर्ने गराउने।

(१५) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

३२. वडा स्तरीय जलस्रोत समिति

(१) वडा भित्र रहेको जलस्रोत उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको अनुमतिका लागि सिफारिस गर्ने र अन्य नियमन तथा तोकिए बमोजिम नगरेमा अनुमति पत्र खारेजीका लागि सिफारिस गर्ने प्रयोजनको लागि देहाय बमोजिमको वडा जलस्रोत समिति रहनेछ।

(क) वडा अध्यक्षः संयोजक

(ख) वडाका निर्वाचित प्रतिनिधिहरू र वडामा स्थायी ठेगाना भएको निर्वाचित कार्यपालिका सदस्यः सदस्य

(ग) वडा समितिले मनोनयन गरेको खानेपानी समितिहरू वा उपभोक्ताहरू वा वडामा सामाजिक क्षेत्रमा क्रियाशील प्रतिष्ठित व्यक्तिहरू मध्येबाट २ जनाः सदस्य

(घ) वडा सचिवः सदस्य सचिव

(२) यस समितिको अन्य काम, कर्तव्य र अधिकार गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार हुनेछ।

## परिच्छेद-६

## निरीक्षण तथा अनुगमन एवं दण्ड सजाय र पुनरावेदन सम्बन्धि व्यवस्था

३३. निरिक्षण तथा अभिलेख जाँच गर्नेः

(१) गाउँ जलस्रोत समिति र वडा जलस्रोत समितिले जुनसुकै वखत उपभोक्ता संस्था, सेवा प्रदायक निकायले सञ्चालन गरेको आयोजना, उत्पादन तथा सेवाको निरिक्षण अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) अनुगमनका क्रममा सार्वजनिक उपभोक्ता संस्था तथा सेवा प्रदायकको हिसाव जाँच गर्न र गराउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निरिक्षण वा हिसाब जाँच गर्दा यस ऐन र अन्तर्गत बनेको नियमावली, निर्देशिका, मापदण्ड वा कार्यविधि

र सम्बन्धित संस्थाको विधान बमोजिम नभएको पाइएमा दिइएको निर्देशनको पालना गर्नु सम्बन्धितको कर्तव्य हुनेछ।

(४) दफा ११ बमोजिम गठित उपभोक्ता संस्थामा कार्यरत कर्मचारीहरूको सेवा प्रवाहको सम्बन्धमा लाभग्राहीको तर्फबाट गुनासो सुन्ने र निजहरूको काम सन्तोषजनक नभएको अवस्थामा आवश्यक कानुनी कारवाहीको लागि लेखी पठाउन सकिनेछ।

३४. छानविन गर्न सक्नेः

(१) कुनै उपभोक्ता संस्था वा सेवा प्रदायकको सेवा तथा कार्य प्रकृया सन्तोषजनक नभएको, सदस्य वा सेवाग्रहीको हित विपरीत काम भएको वा उद्देश्य विपरीत कार्य गरेको भनी सदस्य वा सेवाग्राहीले छानविनको लागि निवेदन दिएमा वा गाउँपालिकालाई यस ऐन विपरित काम भएको छ भन्ने कुनै जानकारी प्राप्त भएमा गाउँ जलस्रोत समिति वा वडा जलस्रोत समितिले छानविन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्ने सम्बन्धितको कर्तव्य हुनेछ।

(३) छानविन गर्दा कुनै कसुर भेटिएमा तोकिए बमोजिम जरिवाना, विगो, हर्जना सहित प्रचलित कानून बमोजिम कारवाही गर्न गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ।

३५. दण्ड सजाय सम्बन्धि व्यवस्थाः

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा निजलाई गाउँपालिकले विगो तथा सो बराबरको हर्जना वा पाँच हजार रूपैयाँसम्म वा दुवै जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट नै त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति समेत भराउन सक्नेछ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई गाउँपालिकाले विगो तथा सो बराबरको हर्जना वा पाँच हजार रूपैयाँसम्म वा दुवै जरिवाना गरी र त्यस्तो काम बन्द गराउन सक्नेछ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरूपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा गाउँपालिकाले निजबाट बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ।

(४) कसैले बदनियतका साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुर्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी-नोक्सानीके बिगो असूल गरी निजलाइ बिगो बमोजिम जरिवाना गरी प्रचलित संघीय तथा प्रदेश कानून अनुसार सजाय हुनेछ।

## परिच्छेद-७

## विविध

३६. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गराउन गाउँ कार्यपालिकाले आवश्यक व्यवस्थाहरू सहितको नियमावली कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी लागू गर्नेछ।

(२) नियम बनाउँदा उपदफा (१) ले दिएको अधिकारको सामान्यतया कुनै प्रतिकूल प्रभाव नपर्ने गरी गाउँ कार्यपालिकाले खास गरी देहायका विषयमा नियमहरू बनाउन सक्नेछः

(क) खानेपानी, सिंचाइ, जल यातायात औद्योगिक उपयोग, आमोद प्रमोद सम्बन्धि उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग सम्बन्धि कुराहरू,

(ख) जलस्रोत संरक्षण, बाढी नियन्त्रण तथा पहिरो रोकथाम सम्बन्धि कुराहरू,

(ग) वातावरण सम्बन्धि कुराहरू,

(घ) जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत गाउँपालिकालाई बुझाउनु पर्ने शुल्क, दस्तुर इत्यादिसँग सम्बन्धित कुराहरू,

(ङ) जलस्रोतको प्रदूषण रोक्ने सम्बन्धि विषयहरू,

(च) जलस्रोतका विभिन्न उपयोगका तरीकाहरू,

(छ) जलस्रोतको उपयोगबाट उत्पन्न सेवाका स्तर निर्धारण सम्बन्धि कुराहरू
(ज) जलस्रोतको उपयोगबाट हुन सक्ने दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्ति सम्बन्धि विषयहरू।
(झ) उपभोक्ता संस्था र उपभोक्ता सम्बन्धि अन्य व्यवस्थाको साथै उपभोक्तालाई संरक्षण र सुविधा दिने विषयहरू,
(ञ) जलस्रोतको विकास तथा उपयोग सम्बन्धि अन्य आवश्यक कुराहरू।

३७. संक्रमणकालीन व्यवस्थाः

(१) यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम, नियमावली, कार्यविधि नआएसम्म गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

३८. बाधा अड्काउ फुकाउनेः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। उक्त आदेश त्यस पछी हुने गाउँसभाले अनुमोदन गरेको हदसम्म कायम हुनेछ।

३९. लेखा र लेखापरीक्षणः

(१) उपभोक्ता संस्थाको लेखा नेपाल सरकारको आर्थिक कार्यविधि तथा उत्तरदायीत्व ऐन, २०७६ को प्रावधान बमोजिम दोहोरो सेस्ता प्रणाली अनुसार राखी प्रत्येक आ.व.को लागि एकीकृत वित्तीय आर्थिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ।
(२) संस्थाको लेखा परीक्षण गाउँपालिकाबाट सुचीकृत लेखापरीक्षक मध्येबाट गाउँपालिकाले तोकेको लेखा परीक्षकबाट गराउनु पर्नेछ।
(३) लेखापरीक्षकको पारिश्रमिक र अन्य सेवा सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ। यस सम्बन्धि सम्पूर्ण दायित्व लेखा परीक्षण गर्ने जलस्रोत उपभोक्ता संस्थाबाट व्यहोर्नु पर्नेछ।
(४) लेखापरीक्षकले लेखा परीक्षण प्रतिवेदन तोकिएको ढाँचामा लेखा परीक्षण गरी सोको प्रतिवेदन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

४०. बचाउ र लागुः

(१) यस ऐन र अन्तर्गत बनेका नियम तथा कार्यविधिमा लेखिए जति सोही बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

(२) यस ऐनमा लेखिएको कुराले कुनैपनि कसुरमा प्रचलित ऐन अनुसार कारवाही चलाउन बाधा पर्ने छैन।

(३) यसअघि खानेपानी वा जलस्रोतसँग सम्बन्धित भएका काम कारवाहीहरू यसै ऐन अनुसार भएको मानिनेछ।

(४) दफा (११) बमोजिम गठित उपभोक्ता संस्थाको विधान यस ऐनसँग बाँझिएको हदसम्म अमान्य हुनेछ। यो ऐन लागु भएको ३५ दिन भित्र यस ऐन बमोजिम बाँझिएका प्रावधानहरूको शंसोधन साधारण सभाबाट गरी स्वीकृतिका लागि गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

.............................

आज्ञाले

भरत कुमार वली

प्रमुख प्रशासकिय अधिकृत

अनुसुचि (१)

दफा १९(१) सँग सम्बन्धित खानेपानी मुहान उपभोक्ता समिति/संस्था दर्ता गर्दा दिइने निवेदनको ढाँचाः

मितिः....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सल्यान
कर्णाली प्रदेश, नेपाल

**विषयः खानेपानी** उपभोक्ता समिति/संस्था **दर्ता गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्वारा संचालित गाउँ-साझेदारी विकास कार्यक्रममा वडा नं.... को ...................... टोलमा सम्पुर्ण समाज परिचालन प्रक्रिया पूरा गरी गठन गरिएको ............................... खानेपानी मुहान उपभोक्ता समिति/संस्था कपुरकोट गाउँपालिकाको कार्यालयमा दर्ता गरिदिनुहुन अनुरोध छ।

यस ............................... खानेपानी मुहान उपभोक्ता समिति/संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सिमित रहनेछः

पूर्व सिमानाः ...................................
पश्चिम सिमानाः ...................................
उत्तर सिमानाः ...................................
दक्षिण सिमानाः ...................................

निवेदक
.................................
अध्यक्षको नामः
अध्यक्षको सम्पर्क न :
संस्थाको छापः

## अनुसुची २

दफा १९ को २ सँग सम्बन्धित मुहान दर्ता प्रमाण पत्रको ढाँचा

कपुरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश, नेपाल

**संस्था दर्ता प्रमाणपत्र**

दर्ता नं: ............................ दर्ता मितिः ..............................

१. संस्थाको नामः

ठेगानाः

संस्थाको प्रकृतिः

कार्यक्षेत्रः

संस्थाको कारोबार सुरु भएको मितिः

सम्पर्क फोन नं:

२. संचालक/अध्यक्ष/मुख्य व्यक्ति को

नाम, थरः

ठेगानाः

ईमेलः

सम्पर्क नं:

**राजस्व तथा आ.प्र. शाखा** **दर्ता गर्ने अधिकारी**

.......................... ..........................

**संस्था संचालन गर्दा अवलम्बन गर्नुपर्ने शर्तहरू**

१. यो प्रमाणपत्र हराएमा वा च्यातिएमा यसको नक्कल लिंदा तोकिएको शुल्क लाग्नेछ।
२. यो प्रमाणपत्र सुरक्षित राख्नुपर्नेछ। गाउँ कार्यपालिकाबाट चेकजाँच गर्न आउने कर्मचारीले मागेको बखतमा प्रमाणपत्र देखाउनु पर्नेछ।
३. संस्था रद्द गर्न चाहेमा गाउँ कार्यपालिकामा लिखित जानकारी दिई लगत कट्टा गराउनु पर्नेछ।
४. प्रचलित ऐन कानूनले निषेध गरेको कार्य सञ्चालन गर्न पाइनेछैन।
५. यो दर्ता प्रमाणपत्र प्रत्येक वर्ष आषाढ मसान्त भित्र यस पालिकाको आर्थिक ऐन अनुसारको शुल्क बुझाई नविकरण गराई सक्नुपर्नेछ।
६. संस्था संचालनका शिलशिलामा गाउँ कार्यपालिकाबाट समयसमयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ।